# थबाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# थबाङ, रोल्पा
## अप्राविधिक तर्फका अधिकृत छैटौं, रोजगार संयोजक वा सो सरह पदको
## प्रतियोगितात्मक लिखित परीक्षा

*मिति: २०८०/०७/०१*

Key:(A)

समय: ३० मिनेट पत्र: प्रथम पूर्णाङ्क: ५०

विषय: सेवा सम्बन्धी

बस्तुगत उत्तरपुस्तिकामा प्रश्नपत्रको की अनिवार्य रुपले उल्लेख गर्नुपर्नेछ । उल्लेख नगरेमा उत्तरपुस्तिका रद्द हुनेछ ।साथै परीक्षामा क्याल्कुलेटर, मोबाइल प्रयोग गर्न पाइने छैन ।

**बस्तुगत बहुबैकल्पिक प्रश्न (२५×२=५०)**

१. रोजगारीको हक सम्बन्धी ऐन, २०७५ अनुसार नागरिकको रोजगारीको हकको संरक्षण सम्बन्धी काम कारबाहीको सञ्चालन, रेखदेख तथा निर्देशन गर्न गठन हुने निर्देशक समितिमा रहने पदाधिकारी मध्ये तलका कुन होइनन् ?

A) सदस्य, राष्ट्रिय योजना आयोग (सम्बन्धित विषय हेर्ने)

B) सचिव, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

C) सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

D) सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

२. तलका भनाइहरू विचार गरी उपयुक्त विकल्प छनौट गर्नुहोस् ।

क) रोजगार संयोजकले निजामती कर्मचारीहरूका लागि तोकिएको आचरण र अनुशासनको पालना गर्नु पर्नेछ ।

ख) रोजगारीको हक सम्बन्धी नियमावली २०७५ अनुसार नागरिकको रोजगारीको हक संरक्षण सम्बन्धी कामको लागि प्रत्येक स्थानीय तहमा सम्बन्धित गाउँ कार्यपालिकाको उपाध्यक्ष वा नगर कार्यपालिकाको उपप्रमुखको अध्यक्षतामा स्थानीय निर्देशक समिति रहनेछ ।

ग) नेपालको संविधानको धारा ३४ मा मौलिक हकको रूपमा रोजगारीको हकको व्यवस्था अन्तर्गत "प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ । रोजगारीको शर्त अवस्था र बेरोजगार सहायता संघीय कानून बमोजिम हुनेछ । प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हक हुनेछ" भनी उल्लेख गरिएको छ।

A) क र ख मात्र गलत
B) ख र ग मात्र गलत
C) क र ग मात्र गलत
D) माथिका सबै गलत

३. कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ अनुसार रु एक लाख भन्दा बढी लागतको आयोजना सञ्चालन गर्न सम्बन्धित स्थानीय तहले आयोजनागत रुपमा खटाइएका श्रमिकहरु मध्येबाट बढीमा कति सदस्यीय रोजगार उपभोक्ता समिति गठन गर्न सकिने व्यवस्था रहेको छ ?

A) बढीमा सात सदस्यीय
B) बढीमा नौ सदस्यीय
C) बढीमा एघार सदस्यीय
D) बढीमा तेह्र सदस्यीय

४. रोजगारीको हक सम्बन्धी ऐन, २०७५ अनुसार कुनै पनि नागरिकलाई निजको इच्छा विपरीत वा निजले नचाहेको रोजगारी गर्न वा त्यस्तो रोजगारीमा लगाउन वा जबरजस्ती गर्न वा बाध्य बनाउने व्यक्ति वा संस्थालाई श्रम तथा रोजगार कार्यालयले कति रुपैयाँ जरिवाना गर्ने व्यवस्था रहेको छ ?

A) रु १५,०००|००
B) रु २०,०००|००
C) रु २५,०००|००
D) रु ३०,०००|००

५. रोजगारीको हक सम्बन्धी ऐन, २०७५ अनुसार बेरोजगार व्यक्ति भन्नाले तलका मध्ये कसलाई बुझिन्छ ?

क) एक आर्थिक वर्षमा न्यूनतम एक सय दिन रोजगारमा संलग्न नभएको अठार देखि उनान्साठी उमेर समूहको नागरिक

ख) कम्तिमा तोकिए बमोजिमको आय आर्जन हुने स्वरोजगारमा संलग्न नरहेको अठार देखि उनान्साठी उमेर समूहको नागरिक

ग) गरिबीको रेखामुनि रहेको परिवारका तोकिए बमोजिमको आय आर्जन तथा स्वरोजगारमा संलग्न नभएको अठार देखि उनान्साठी उमेर समूहको नागरिक

A) क र ख दुवै ठिक
B) ख र ग दुवै ठिक
C) क र ग दुवै ठिक
D) माथिका सबै ठिक

६. रोजगारीको हक सम्बन्धी ऐन, २०७५ अनुसार नेपाल सरकारले रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगार उपलब्ध गराउन नसकेमा उपलब्ध गराउने निर्वाह भत्ताको सम्बन्धमा तलका मध्ये कुन कठन सहि हो ?

A) परिवारको कुनै पनि सदस्यले तोकिए बमोजिमको रोजगारी नपाएमा र कुनै पनि सदस्य स्वरोजगार नभएमा नेपाल सरकारले तोकेभन्दा कम वार्षिक आय भएका परिवारलाई तोकिएको शर्तको अधिनमा रही निर्वाह भत्ता उपलब्ध गराउनेछ ।

B) एक आर्थिक वर्षमा मन्त्रालयले तोकेको न्यूनतम पारिश्रमिकको एक सय दिन बराबरको रकमको साठी प्रतिशत रकम तोकिएको शर्तको अधिनमा रही निर्वाह भत्ता उपलब्ध गराउनेछ ।

C) एक आर्थिक वर्षमा एक सय दिन भन्दा कम अवधि मात्रै रोजगारी पाएमा एक सय दिन पुग्न बाँकि अवधिको मन्त्रालयले तोकेको न्यूनतम पारिश्रमिकको साठी प्रतिशत बराबरको रकम मात्र निर्वाह भत्ता उपलब्ध गराउनेछ ।

D) एक आर्थिक वर्षमा मन्त्रालयले तोकेको न्यूनतम पारिश्रमिकको एक सय दिन बराबरको रकमको पचास प्रतिशत रकम तोकिएको शर्तको अधिनमा रही निर्वाह भत्ता उपलब्ध गराउनेछ ।

७. रोजगारीको हक सम्बन्धी ऐन, २०७५ अनुसार नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले बेरोजगार सहायताको लागि तलका मध्ये कुन कुन कार्यक्रम सञ्चालन गर्ने गर्दछन् ?

क) रोजगारमूलक तथा सीपमूलक तालिम प्रदान गर्ने

ख) स्वरोजगार सृजना गर्ने

ग) बेरोजगार व्यक्तिहरुलाई रोजगारीका लागि रोजगारदातासम्म पुग्न सहजीकरण गर्ने

A) क र ग मात्र ठिक B) क र ख मात्र ठिक

C) ख र ग मात्र ठिक D) माथिका सबै ठिक

८. रोजगारीको हक सम्बन्धी ऐन, २०७५ अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले प्रत्येक आर्थिक वर्षभित्र सम्पन्न गरेका काम कारबाहीको आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र वार्षिक प्रतिवेदन तलका मध्ये कुन निकायमा पेश गर्ने व्यवस्था रहेको छ ?

A) राष्ट्रपतिको कार्यालयमा B) प्रतिनिधि सभाको संसदीय समितिमा C) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा D) संघीय संसदको प्रतिनिधि सभामा

९. रोजगारीको हक सम्बन्धी ऐन, २०७५ अनुसार रोजगारीमा रहेको व्यक्तिलाई लागु हुने सेवा शर्त सम्बन्धी कानून बमोजिम बाहेक रोजगारीबाट हटाइएमा त्यसरी हटाइएको व्यक्तिले आफू रोजगारीमा कायमै रहनको लागि कारण सहित तलका मध्ये कुन निकायमा निवेदन दिन सक्नेछ ?

A) सम्बन्धित स्थानीय तहमा B) सम्बन्धित रोजगार सेवा केन्द्रमा

C) सम्बन्धित न्यायिक समितिमा D) माथिका सबै ठिक

१०. प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ अनुसार मन्त्रालय, प्रदेशको सम्बन्धित मन्त्रालय र सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले आआफ्नो क्षेत्रभित्रका कार्यक्रमहरुको सम्बन्धमा कार्यक्रमका लाभग्राहीहरुको संलग्नतामा वर्षको कति पटक सार्वजनिक सुनुवाई गर्नुपर्दछ ?

A) कम्तिमा एक पटक B) कम्तिमा दुई पटक

C) कम्तिमा तीन पटक D) कम्तिमा चार पटक

११. रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ अनुसार कुनै व्यक्ति बेरोजगार हो वा होइन भन्ने प्रश्न उठेमा त्यस्तो व्यक्ति बसोबास गरिआएको वडा कार्यालयले गरेको सिफारिसका आधारमा तलका मध्ये कसले निर्णय गर्दछ ?

A) स्थानीय निर्देशक समिति B) प्रदेश निर्देशक समिति

C) गाउँ कार्यपालिकाको उपाध्यक्ष D) गाउँ कार्यपालिकाको अध्यक्ष

१२. प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रमको दिर्घकालीन सोच तलका मध्ये कुन हो, छुट्याउनुहोस् ।

A) दक्ष तथा सक्षम जनशक्ति विकास गरी आन्तरिक रोजगारीको प्रवर्द्धन र विस्तार गर्ने ।

B) आन्तरिक रोजगारीका अवसरमा वृद्धि र सामाजिक सुरक्षाको प्रवर्द्धन गर्ने ।

C) सबैका लागि रोजगारीको प्रत्याभूति मार्फत नागरिकको जीवनस्तरमा सुधार ल्याउने ।

D) सीपमूलक तालिममार्फत बजारको माग अनुरुपको श्रमशक्ति विकास र आपूर्ति गर्ने ।

१३. प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ अनुसार कस्तो अवस्थामा स्वत: निर्वाह भत्ता प्राप्त हुने गर्दछ ?

क) प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचिकृत बेरोजगार व्यक्तिहरुमध्ये शारीरिक रुपमा अशक्त काम गर्न नसक्ने गरी अपांगता भएका व्यक्ति र ६ महिना भन्दा बढीको गर्भवती तथा सुत्केरी महिलालाई परिवारमा अरु कोही पनि व्यक्ति रोजगार नभएको तथा रोजगार गर्न योग्य नभएको अवस्थामा त्यस्तो हरेक परिवारको एकजना सदस्य ।

ख) प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचिकृत बेरोजगार व्यक्तिहरुमध्ये वार्षिक न्यूनतम रोजगारी बापत प्राप्त हुने पारिश्रमिक भन्दा कम नगद आय भएको अवस्थामा त्यस्तो हरेक परिवारको एकजना सदस्य ।

ग) प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचिकृत बेरोजगार व्यक्तिहरुमध्ये कोही पनि न्यूनतम रोजगारी नपाएको वा सो बराबरको आम्दानी हुने गरी स्वरोजगार नभएको अवस्थामा त्यस्तो परिवारको एकजना सदस्य ।

A) ग सहि क र ख गलत
B) ख सहि क र ग गलत
C) क सहि ख र ग गलत
D) सबै गलत

१४. प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ अनुसार आर्थिक वर्षको जेष्ठ मसान्तसम्ममा न्यूनतम एकसय दिनको रोजगारी नपाएका बेरोजगार व्यक्तिहरुको परिवारमध्ये तोकिएको अवस्थाहरुका आधारहरुमा रोजगार सेवा केन्द्रले कहिले सम्म निर्वाह भत्ता पाउन योग्य परिवार पहिचान गर्नुपर्नेछ ?

A) असार ७ गतेभित्र

B) असार १५ गतेभित्र

C) असार २५ गतेभित्र

D) असार मसान्तभित्र

१५. रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ अनुसार तलका मध्ये कुन कठन सहि छ ?

क) स्थानीय तहभित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरी सोको सूचना प्रवाह गर्नु रोजगार सेवा केन्द्रको काम, कर्तव्य र अधिकार हो ।

ख) न्यूनतम रोजगारमा संलग्न हुन चाहने बेरोजगार व्यक्तिले प्रत्यके वर्षको फागुन महिनाको १५ गतेभित्र आगामी आर्थिक वर्षका लागि बेरोजगार व्यक्तिको सूचिमा सूचीकृत हुन सम्बन्धित वडा कार्यालयमा तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ ।

ग) नागरिकको रोजगारीको हक संरक्षण सम्बन्धी कामको लागि प्रदेश स्तरमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको अध्यक्षतामा एक प्रदेश निर्देशक समिति रहनेछ ।

A) क सहि ख र ग गलत

B) ख सहि क र ग गलत

C) ग सहि क र ख गलत

D) माथिका सबै गलत

१६. प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ अनुसार लाभग्राही परिचयपत्र भन्नाले के बुझिन्छ ?

A) रोजगार सम्वाद मञ्चले पहिचान गरी सूचिकृत गरेका बेरोजगार व्यक्तिहरुलाई रोजगारीमा खटाउनु पूर्व प्रदान गर्ने परिचयपत्र

B) स्थानीय निर्देशक समितिले पहिचान गरी सूचिकृत गरेका बेरोजगार ब्यक्तिहरुलाई रोजगारीमा खटाउनु पूर्व प्रदान गर्ने परिचयपत्र

C) रोजगार सेवाकेन्द्रले पहिचान गरी सूचिकृत गरेका बेरोजगार व्यक्तिहरुलाई रोजगारीमा खटाउनु पूर्व प्रदान गर्ने परिचयपत्र

D) स्थानीय तहले पहिचान गरी सूचिकृत गरेका बेरोजगार व्यक्तिहरुलाई रोजगारीमा खटाउनु पूर्व प्रदान गर्ने परिचयपत्र

१७. रोजगारीको हक सम्बन्धी ऐन, २०७५ अनुसार श्रम तथा रोजगार कार्यालयले गरेको सजायको निर्णय उपर चित्त नबुझ्ने पक्षले निर्णय भएको कति दिन भित्र श्रम अदालतमा पुनरावेदन दिन सक्ने व्यवस्था रहेको छ ?

A) तीस दिनभित्र B) पैंतीस दिनभित्र

C) चालीस दिनभित्र D) पैँतालीस दिनभित्र

१८. तलको दिइएको जोडा विचार गरी उपयुक्त विकल्प कुन हो, छुट्याउनुहोस् ।

क) घुम्ति सेवा सञ्चालन उपभोक्ता संरक्षण ऐन, २०५९

ख) नगरपालिकाको वर्गीकरण स्थानीय सरकार सञ्चालन ऐन, २०७४

ग) चरम गरिबी र भोक उन्मूलन दिगो विकासको लक्ष्य

घ) श्रम, पूँजी, प्रविधि र लगानीको विश्वव्यापी विस्तार विश्वव्यापिकरण

A) क र ग मात्र गलत B) ख र घ मात्र गलत

C) क र ख मात्र गलत D) ग र घ मात्र गलत

१९. कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रमको श्रोतबाट मात्र सञ्चालन हुने आयोजनाको प्रति आयोजना लागत सीमा अधिकतम कति सम्मको हुने व्यवस्था रहेको छ ?

A) रु (४५÷९×३) ×१०$^{५}$ B) रु (७०÷१४×४) ×१०$^{५}$ C) रु (८५÷१७×५) ×१०$^{५}$ D) रु (६५÷१३×६) ×१०$^{५}$

२०. प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रमको सम्बन्धमा तलका मध्ये कुन कठन सहि होइन, छुट्याउनुहोस ।

A) यो कार्यक्रम संघ, प्रदेश र स्थानीय तहका सार्वजनिक निर्माण तथा अन्य सार्वजनिक क्षेत्रका आयोजना तथा कार्यक्रमहरुमा सञ्चालन गरिन्छ ।

B) यस कार्यक्रमका लक्षित समूह १८ देखि ५९ वर्ष उमेर समूहको बेरोजगार व्यक्ति तथा निजको परिवार हुनेछ ।

C) रोजगार व्यवस्थापन सूचना प्रणालीको स्थापना मार्फत रोजगारी सम्बन्धी क्षेत्रगत तथ्याङ्क नियमित रुपमा अद्यावधिक गरी उपयोग गर्ने यस कार्यक्रमको रणनीति रहेको छ ।

D) रोजगारी सिर्जनामा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँग सहकार्य गर्ने यस कार्यक्रमको उद्देश्य रहेको छ ।

२१. तलका भनाइहरू विचार गरी उपयुक्त विकल्प छनौट गर्नुहोस् ।

क) उच्च, दिगो र समावेशी आर्थिक वृद्धि र स्थायित्व कायम गर्न लगानीको वातावरण निर्माण, पूर्वाधार विकास एवम् उत्पादन र उत्पादकत्व अभिवृद्धिमा सार्वजनिक क्षेत्रले महत्वपूर्ण भूमिका निर्वाह गर्ने गर्दछ ।

ख) निजी क्षेत्रले प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्दै सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरूप जोखिमको न्यायोचित बाँडफाँट गरी विकास निर्माण कार्य सञ्चालन गर्ने गर्दछ ।

ग) नेपालको संविधानले अंगीकार गरेका नीति तथा कानूनी व्यवस्थाले निर्दिष्ट गरे बमोजिम सहकारी क्षेत्रले सहकारी मूल्य, मान्यता र सिद्धान्तको अनुसरण तथा पारस्परिकता र स्वावलम्बनको संस्कार विकास गर्दै समग्र विकास प्रक्रियामा प्रमुख भुमिका निर्वाह गर्ने गर्दछ ।

A) क र ख ठिक ग बेठिक
B) ख र ग ठिक क बेठिक
C) क र ग ठिक ख बेठिक
D) माथिका सबै ठिक

२२. प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ अनुसार बेरोजगार व्यक्तिलाई काममा खटाउँदा उपलब्ध रोजगारीका अवसरहरु सूचीकृत  सबै बेरोजगार व्यक्तिका लागि पर्याप्त नभएको अवस्थामा तलका मध्ये कसलाई पहिलो प्राथमिकतामा खटाउनु पर्नेछ ?

A) एकल महिला घरमूली भएको परिवारको सदस्य

B) दलित अल्पसंख्यक वा लोपोन्मुख समुदायको परिवारको सदस्य

C) शहिद परिवार तथा बेपत्ता परिवारको सदस्य

D) कृषि उत्पादनले वर्षमा ३ महिना खान नपुग्ने कृषिमा आश्रित परिवारको सदस्य

२३. प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ अनुसार रोजगार संयोजकको सम्बन्धमा तलका भनाई विचार गरी गलत विकल्प छुट्याउनुहोस ।

A) प्रधानमन्त्री रोजगार कार्यक्रमको सम्बन्धमा मन्त्रालयले समय समयमा दिएका निर्देशनको पालना गर्नु रोजगार संयोजकको कर्तव्य हुनेछ ।

B) रोजगार संयोजकले समग्र कार्यक्रमको सम्बन्धमा सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकाप्रति उत्तरदायी भई कार्य गर्नु पर्नेछ ।

C) रोजगार संयोजकले गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष सुपरिवेक्षण, निर्देशन र नियन्त्रणमा रहि कार्य गर्नेछ ।

D) प्रधानमन्त्री रोजगार कार्यक्रमको सूचना व्यवस्थापन र प्रतिवेदनका सम्बन्धमा रोजगार संयोजकले प्रदेशको सम्बन्धित विषय हेर्ने मन्त्रालयसँग आवश्यक समन्वय र सहयोग गर्नु पर्नेछ ।

२४. तलका भनाइहरु विचार गरी उपयुक्त विकल्प कुन हो, छुट्याउनुहोस् ।

क) मध्यमकालीन खर्च संरचनाले आवधिक योजनालाई वार्षिक बजेटसँग र बजेटलाई नतिजासँग आबद्ध गर्ने गर्दछ ।

ख) स्थानीय योजना तथा बजेट तर्जुमा गर्नको लागि कानूनद्वारा गरिएको संस्थागत व्यवस्था अन्तर्गत स्थानीय राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति आदि पर्दछन् ।

ग) सन् २०१६ देखि २०३० सम्म विश्वको रूपान्तरण र विकासका हरेक आयाममा कसैलाई पनि पछाडि नछोड्ने प्रतिबद्धताका साथ सन २०१५ सेप्टेम्बरमा संयुक्त राष्टसंघको महासभाले घोषणा गरेको दिगो विकास लक्ष्य अन्तर्गत १७ वटा लक्ष्य १७१ वटा परिमाणात्मक लक्ष्य र २३५ वटा विश्वव्यापी सूचक निर्धारण गरिएका छन् ।

A) क बेठिक ख र ग ठिक
B) ख बेठिक क र ग ठिक
C) ग बेठिक क र ख ठिक
D) माथिका सबै ठिक

२५. गरिबीको दुस्चक्र भन्नाले तलका मध्ये के बुझिन्छ ?

क) चरम गरिबीको कारणले निश्चित तोकिएको मापदण्ड भन्दा कम आयस्तर भई गरिबी रेखामाथि उठ्न नसकि सधै गरिब भइरहने अवस्था ।

ख) गरिबीको कारणले स्वस्थ, न्यायपूर्ण तथा गुणस्तरीय जीवनयापन गर्न नसकि समाजका हरेक आयाममा सहभागिता कमजोर भई सधै पछौटेपनको शिकार भइरहने अवस्था ।

ग) गरिबीको कारणले शिक्षा, स्वास्थ्यमा पहुँच हुन नसकि उपयुक्त सीपको अभावको कारणले प्रतिस्पर्धात्मक क्षमता कमजोर भई आर्थिक, सामाजिक कार्यमा कमजोर सहभागिताका कारणले आय आर्जन नभई सधै गरिब भइरहने अवस्था ।

A) क मात्र ठिक बाँकि सबै गलत
B) ख मात्र ठिक बाँकि सबै गलत
C) ग मात्र ठिक बाँकि सबै गलत
D) माथिका सबै गलत

**<u>समाप्त</u>**